# हिरासतमा महिला यातना बन्द गर ।

## प्रेस वक्तव्य

यातना पीडितको सहयोगार्थ संयुक्त राष्ट्रसंघीय अन्तर्राष्ट्रिय दिवस–२०११ को यस अवसरमा एड्भोकेसी फोरम यातना र दण्डहीनताविरुद्धको आफ्नो निरन्तर संघर्ष र न्यायको खोजिमा लागिरहेका पीडितहरुको साथ दिने प्रतिबद्धताप्रति कटिबद्ध रहेको कुरालाई पुनःस्मरण गराउन चाहन्छ ।

यस अन्तर्राष्ट्रिय दिवस मनाउने सन्दर्भमा एड्भोकेसी फोरमले प्रत्येक वर्ष हिरासत भ्रमणका दौरान संकलित सूचनामा आधारित प्रतिवेदन प्रकाशित गर्दछ । एड्भोकेसी फोरमको यी प्रतिवेदनको उद्देश्य हिरासत व्यवस्थापनको सुधारमा टेवादिने पनि रहेको छ । यस वर्ष हामीहरुले यो प्रतिवेदनलाई हिरासतमा यातना र अन्य दुर्व्यवहारका पीडित महिलाहरुका अवस्थामा केन्द्रित रहेको छ ।

*"हिरासतमा महिलाविरुद्ध यातना : रोकथाम र संरक्षण गर्न असफल नेपाल सरकार"* नामक प्रतिवेदनले यातनालाई फौजदारी कसुरको रुपमा स्वीकार नगरिएको, व्यापकरुपमा चलिआएको दण्डहिनता र मानवअधिकार उल्लंघनका पीडित महिलाहरुले न्याय पाउनका लागि सामना गनपर्ने अवरोधनै महिलाहरुका सर्वोपरी हित र सुरक्षाका वाधकहरु हुन भन्ने ठहर गरेको छ। यो प्रतिवेदनले हिरासतमा महिलाविरूद्धहुने यातनाका कार्यहरुलाई रोक्न, त्यस्तो कार्यउपर छानबिन गर्न र दोषीलाई कारबाही गर्न सरकारलाई आग्रह समेत गरेको छ ।

एड्भोकेसी फोरमले सन् २००१ देखि नै हिरासतमा हुने यातनाको अवस्थाको अनुगमन गर्दै आईरहेको छ । हिरासतमा हुने यातनामा क्रमशः कमी आईरहेको कुरा एड्भोकसी फोरमको तथ्यांकले देखाउदछ । यद्यपि हिरासतमा हुने यातनाको क्रम भने रोकिएको छैन ।

सन् २०१० को दौरान प्रहरी हिरासतमा भेटिएका दस महिलामध्ये औसतमा एकजनालाई यातना दिइएको वा दुर्व्यवहार गरिएको तथ्यांक एड्भोकेसी फोरमले २० ओटा जिल्लामा अवस्थित ६७ थुनास्थलको नियमित भ्रमणमा पाएको छ । यद्यपि,

उक्त वर्षको पहिलो ६ महिनालाई पछिल्लो ६ महिनासँग तुलना गरेर हेर्दा यातनाको अनुपातमा तीव्ररुपले (लगभग ९०%) वृद्धि भएको देखिन्छ । २०१० को जुलाइदेखि डिसेम्बरसम्म १३.९% महिलाहरुले आफूहरुमाथि यातना भएको बताएका थिए भने अघिल्लो ६ महिनामा यातनाको औसत ७% थियो ।

प्रस्तुत प्रतिवेदनले १० वर्षे सशस्त्र द्वन्द्वका दौरान महिलाविरूद्ध भएका यातना र बलात्कारका घटनाका बारेमा विवेचना गरेको छ । । देशभित्र दण्डहीनताको संस्कृति व्याप्त रहेको वर्तमान परिप्रेक्ष्यमा यातना तथा बलात्कारका पीडित महिलाले न्याय पाउनु असम्भवप्रायः भइसकेको छ । न्याय प्राप्तिको क्रममा ती पीडित महिलाले यातनालाई फौजदारी कसुर साबित गर्ने स्पष्ट कानुनको अभाव, बलात्कार (फौजदारी मुद्दामा) र यातना (देवानी मुद्दामा) मा उजुरी गर्न तोकिएको अत्यन्त कम हदम्याद जस्ता अवरोधको सामना गर्नुपरेको छ । यसको अलावा, सरकारद्वारा द्वन्द्वपीडितका लागि भनेर प्रदान गरिने “अन्तरिम राहत” को योजनामा हालसम्म पनि बलात्कार र यौन हिंसाका पीडितलाई समावेश गरेको छैन ।
प्रतिवदेनले निम्नलिखत सिफारिसहरु गरेको छ :

*हिरासतमा रहेका महिलाका सन्दर्भमा प्रदान गरिएका केही प्रमुख सिफारिस* :

१. महिलाले पूर्वपुर्पक्ष थुनामा सामना गर्नुपर्ने विशेष प्रकारका दुर्व्यवहारका जोखिमको पहिचान गर्ने र प्रहरी हिरासतमा महिलाको सुरक्षाको प्रत्याभूति गर्न उचित नीतिगत र व्यवहारिक उपाय अवलम्बन गर्ने ।
२. महिलाविरूद्ध भएका यातना र अन्य दुर्व्यवहारको सम्पूर्ण घटनाउपर स्वतन्त्र छानबिन गरी दोषीलाई कारबाही गर्ने ।
३. हिरासतभित्र महिलालाई पुरूष थुनुवाबाट व्यवस्थितरुपमा अलग राखिनुपर्ने कुराको सुनिश्चित गर्ने ।
४. पक्राउ गर्ने, स्थानान्तरण गर्ने र हिरासतमा रहँदाका समयमा महिला प्रहरीको उपस्थिति हुनुपर्ने । बन्दीप्रतिको व्यवहारका लागि न्यूनतम मापदण्ड नियमावलीले (Standard Minimum Rules for the Treatment of Prisoners) हिरासतमा रहेका महिलाको निगरानी महिला प्रहरीद्वारा हुने व्यवस्था गरेको छ ।
५. प्रहरीभित्र आन्तरिक जवाफदेहिता अभिवृद्धि गर्दै हिरासतमा रहेका महिला बन्दीका हकमा स्पष्ट कार्यपद्धति र मापदण्ड लागू गनर्पुर्ने ।
६. सबै महिला थुनुवाहरुलाई थुनास्थलमा लैजादाँ कानून व्यवसायीसँग परामर्श गर्न पाउने लगायतका सम्बद्ध सबै अधिकारहरुका बारेमा जानकारी दिनुपर्ने ।

**Head Office:** Shantiniketan Marg- 94/14,Gairidhara, Kathmandu, P.O. Box: 21798 Tel: 977-1-4415789/4415646 Fax: 4426698 email:info@advocacyforum.org.np,
URL: http:// www.advocacyforum.org
Regional & Branch Offices
Biratnagar Tel: 977-21-530666 Email: advbiratnagar@yahoo.com
Pokhara Tel : 977-61-463890 Email: advpokhara@yahoo.com
Udayapur Tel: 977-35-420451 Email: advudayapur@yahoo.com
Surkhet Tel: 977-83-521122 Email: advsurkhet@yahoo.com
Rupandehi Tel :977-71-522402, Email: advrupandehi@wlink.com.np
Ramechhap Tel: 977-48-540328, Email: advramechhap@ntc.net.np
Bardia: Tel: 977-84-421022, Email: advbardia@ntc.np.np
Nepalgunj Tel: 977-81-526278 Email: advnepalgunj@yahoo.com
Kanchanpur Tel: 977-99-525399 Email: advkanchanpur@yahoo.com
Kapilbastu Tel: 977-76-560235 Email: advkapilbastu@yahoo.com
Dhanusha Tel: 977-41-522365, Email: advdhanusha@yahoo.com
Baglung Tel: 068-520562,Email: advbaglung1@ntc.net.np
Dolakha: 977-49-421010, Email: advdolakha@ntc.net.np
Jhapa: 977-23-436115, Email: info@advocacyforum.org.np

७. थुनास्थलमा रहेका बखत सम्पूर्ण महिला बन्दीहरु कानुन व्यवसायीसँग परामर्श गर्न पाउने अधिकारसहित अन्य अधिकारका बारेमा सूचित गरिने कुराको सुनिश्चित गर्ने । इस्तानबुल प्रोटोकोलमा प्रशिक्षित चिकित्सकद्वारा अनिवार्य रुपमा र गोप्य तरिकाले स्वास्थ्य जाँच भएको सुनिश्चित गर्न बृहत्तर कार्यविधि अपनाइनपुर्ने । महिला थुनुवाहरुलाई प्रहरीको उपस्थितिविना महिला चिकित्सकद्वारा गोप्य रुपमा स्वास्थ्य जाँच गरिनुपर्दछ ।

*यातनाका सन्दर्भमा समष्टिगत सिफारिस :*

८. यातनालाई फौजदारी कसूर साबित गर्ने एक बृहत काननुको प्राथमिकताका साथ अवलम्बन गरी कार्यान्वयन गर्नुपर्ने ।
९. यातनाको रोकथाम र छानबिन गर्नका लागि एक प्रभावकारी र निष्पक्ष संयन्त्र स्थापना गरी कार्यान्वयन गर्नुपर्ने ।
१०. सबै थुनुवालाई आधिकारिक थुनास्थलमा राखिएको कुराको सुनिश्चित गर्ने र निजी आवासमा व्यक्तिलाई थुनामा राख्ने अधिकारीलाई जवाफदेही बनाउनुपर्ने ।
११. यातनाविरूद्धको महासन्धिको ऐच्छिक आलेखलाई अविलम्ब अनुमोदन गरी सबैखाले थुनास्थलको स्वतन्त्र अनगमन गनर्कालागि एक सयंन्त्रको स्थापना गर्ने र हिरासत अनुगमनका लागि खटाइएका आधिकारिक व्यक्तिलाई अनुगमन गर्न रोक्ने सार्वजनिक पद धारण गरेका व्यक्तिलाई ऐनमा उल्लेख गरिएअनुसारको दण्डको भागीदार बनाउनुपर्ने ।
१२. जबरजस्ती बेपत्ताविरूद्धको महासन्धिलाई अनुमोदन गरी जबरजस्ती बेपत्तालाई फौजदारी कसुर ठहर गनुपर्ने ।

**मन्दिरा शर्मा**

**अध्यक्ष**

**एड्भोकेसी फोरम- नेपाल**

**२६ जुन २०११**